हरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१(३)बमोजिम नोकरीबाट अवकाश दिइएको छ।

सि. नं.

१. श्री श्रीधर शम्शेर राणा,
डेपुटी चिफ कन्जरभेटर,
वन विभाग।

२. श्री हरिप्रसाद वस्याल,
का. मु. क्षेत्रीय वन निर्देशक,
मध्यपश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय, सुर्खेत।

३. श्री ओमप्रकाश रूङ्गटा
राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) पूल,
वन विभाग।

आज्ञाले,
डा. पुरुषोत्तमनारायण सुवाल
अतिरिक्त सचिव (प्रा.)

## सूचना ४

श्री ५ को सरकारले मिति २०४४।७।२५ को निर्णयानुसार शाही शुक्ला फाँटा वन्यजन्तु आरक्ष विस्तार कार्यक्रमलाई छुट्टै आयोजनाको रूपमा संचालन गर्न निम्न अनुसार गर्ने गरी निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

(१) शाही शुक्ला फाँटा वन्य जन्तु आरक्ष क्षेत्र विस्तार कार्यक्रमलाई छुट्टै आयोजनाको रूपमा संचालन गर्ने।

(२) आयोजना प्रमुखमा नेपाल वन सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका जि.व.नि. श्री दामोदरप्रसाद पराजुलीलाई नियुक्ति गर्ने।

(३) आयोजनाको अवधि २०४५ आषाढ मसान्तसम्म रहने। यो काम वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग र आयोजनाले मिति २०४५ आषाढ मसान्त सम्ममा पूरा गर्ने।

(४) आयोजना प्रमुखले शाही शुक्ला फाँटा वन्य जन्तु आरक्ष क्षेत्र विस्तारको काम गर्दा वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको निर्देशनमा रही गर्ने।

(५) उठाइने परिवारलाई नयाँ ठाउँमा सामान ढुवानी गर्न, जग्गाको झासझुस हटाउन लाग्ने खर्च बापत रू. २०,००,०००।– दिने र घर बनाउनको निमित्त सहुलियत दरमा काठ उपलब्ध गराउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) सट्टा भर्ना दिइने जग्गामा कटान गरिने सबै जातको गोलिया काठ र दाउरा टिम्बर कर्पोरेशन अफ नेपाल लि. ले कटान गर्ने र यसरी कटान गरेको गोलिया काठ र दाउरा लिलाम (अक्सन) बाट बिक्री गर्ने। लिलामबाट खरिद गर्नेले विदेश निकासी गर्न पाउने।

(७) नयाँ बसाइने परिवारलाई आरक्षबाट यथाशक्य टाढा राख्न मनासिब पर्ने भएकोले आरक्षबाट हटाइने परिवारलाई देहायबमोजिम गर्ने।

(क) पिपरैयाको १७० विगहा, वागफाँटाको ८३२ विगहा र सुन्दरपुरको २२६ विगहा समेत गरी जम्मा जग्गा विगहा १,२२८ महेन्द्रनगर नगर पंचायत क्षेत्रभित्रको जमीन हुनाको साथै सिंचाइ, नहर र बाटोघाटोको पनि सुविधा भएकोले उठाउनु पर्ने क्षेत्रको जमीनको तुलनामा उक्त १,२२८ विगहा जमीनलाई सट्टाभर्नामा नदिई १ (एक) विगहाका दरले कित्ता काट गरी वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगले उक्त जग्गाको मूल्य निर्धारण गर्ने। त्यसै गरी आरक्षबाट उठाइने परिवारहरूको जग्गाको पनि आयोगबाट नै मूल्य निर्धारण गर्ने। यसरी मूल्याँकन गरिएका जग्गाहरूको आधारमा जग्गा सट्टापट्टाकै रूपमा लिन चाहेमा सोही अनुसार उठाइएका परिवारहरूलाई मूल्यले खामेबमोजिम नगर पंचायत क्षेत्रभित्र १ (एक) विगहामा नबढाई जग्गा दिने व्यवस्था गरिदिने।

(ख) नगर पंचायत क्षेत्रमा १ (एक) विगहा जमीन लिएपछि पनि उठाइने परिवारको क्षतिपूर्ति पूरा नभएमा निजको बाँकी जमीनको मूल्याँकन भए अनुसारको मुआब्जा दिने अथवा सट्टाभर्ना जग्गा नै लिन चाहेमा जग्गा नै दिने। सट्टाभर्ना दिने जग्गा पुनर्वास कम्पनीको लागि छुट्याइएको तर जंगल कटान गरी पुनर्वास गराउन बाँकी रहेको बुटावारीको जंगल र गोकुलपुर महैया र उपियाँफाँटा उत्तर–पूर्वको सोतो जंगल खेतीलायक जमीनबाट र पश्चिम – रत्नपुर, नयाँ सेटलमेण्ट, पूर्व–दौदा नदी, उत्तर–आरक्षको सिमाना र चानदेव गाउँ, दक्षिण– कलकत्ता, नयाँ सिपुर र शान्तिपुर भएको जंगलबाट वन सिमाना सीधा हुने गरी छुट्याई दिने र सोबाट पनि नपुग भएमा पचघडिया गाउँको उत्तर–पूर्वको वन जंगलबाट आवश्यक वनक्षेत्र छुट्याई सिमाना सीधा पारी प्राप्त हुने वनक्षेत्रबाट दिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।